नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शिक्षक योजना तथा विकास महाशाखा
## शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

प..सं. २०७९/८० शि. व्य.
च.नं १८३

शाखा सम्पर्क नं. ०१-६६३५११३
मिति: २०८०/०२/०३

श्री शिक्षा विकास तथा समन्वय इकाई,
सबै।

श्री स्थानीय तह,
सबै ।

विषय: शिक्षक सरुवा सम्बन्धमा ।

प्रस्तुत विषयमा यस केन्द्रको च.नं १२४, मिति २०७९/०८/१२ को पत्र तथा शिक्षक सरुवाको सम्बन्धमा बिभिन्न स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाईहरुबाट जिज्ञासा राखी विभिन्न माध्यमहरुबाट यस केन्द्र समक्ष सोधनी भई आएको सन्दर्भमा देहाय बमोजिम गर्नु गराउनु हुन यस केन्द्रको मिति २०८०/०२/०३ को निर्णयानुसार अनुरोध छ ।

१) शिक्षक सेवा आयोगमा स्थायी पदपूर्तिको लागि तहाँको माग बमोजिम यस अघि पठाइसकिएको तहगत/विषयगत रिक्त दरबन्दी (२०७८ को विज्ञापन अनुसार कम संख्या सिफारिस भई बाँकी रहेको थप पदसंख्या सहित) को विद्यालयगत विवरण एकिन गरी अभिलेख राख्नुहुन र उक्त बमोजिमको रिक्त दरबन्दीमा कुनै पनि किसिमबाट सरुवा गरी स्थायी शिक्षक पदपूर्ति नगर्नु नगराउनु हुन ।

२) निम्न माध्यमिक/माध्यमिक तहको हकमा विषय मिल्दो हुने गरी मात्र नियमानुसार सरुवा गर्न सकिने र सरुवा प्रयोजनकै लागि भनी विषय परिवर्तन नगर्नु नगराउनु हुन ।

३) अझै पनि खुद पुल दरबन्दी कट्टि गर्न बाँकी रहेका स्थानीय तह अन्तर्गतको सम्बन्धित तहको रिक्त पदमा कुनै पनि व्यहोराले पदपूर्ति नगर्नु नगराउनु हुन ।

४) शिक्षा नियमावली २०५९ (संशोधन सहित )को नियम ९९(२क) मा "ऐनको दफा १६ ज.को उपदफा (३)मा लेखिएको अवस्थामा बाहेक स्थायी नियुक्ति भएको एक बर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक बर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक जिल्लाबाट अर्को जिल्लामा सरुवा गर्न नसकिने" भन्ने व्यवस्था भएको हुँदा सो अवधिभित्र सरुवा सहमती समेत नदिने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्नु गराउनु हुन ।

५) विशेष परिस्थिति परेको अवस्थामा बाहेक अन्य अवस्थामा काजको सिफारिस समेत नगर्नु नगराउनु हुन।

उल्लिखित प्रावधान अन्तर्गत रही तोकिएको प्रक्रिया अवलम्बन गरी नियमानुसार सरुवा गर्न सक्ने भएकाले सोही अनुसार कार्यान्वयनका लागि निर्देशनानुसार अनुरोध छ ।

प्रेम भट्टराई
निर्देशक